मत्स्य विकास केन्द्र कुलेखानीमा २ हजार ५२४ किलो माछा उत्पादन। पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com




● मकवानपुर, वर्ष-१८, अंक-०३ ● २०८२ साउन १९ गते सोमबार, ● 4 Aug, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## दामन-पालुङ क्षेत्रको पर्यटन पुरानै लयमा फर्कदै !

◆ विकास संवाददाता

चिसो अनि स्वच्छ हावापानी र हिमशृङ्खलाको अनुपम दृश्यले प्रख्यात दामन-पालुङ क्षेत्रको पर्यटन फेरि तङ्ग्रिँदै गएको छ । अब दामन-पालुङ पुरानै लयमा फर्कदैछ । हेटौंडा-काठमाडौँ जोड्ने प्रमुख राजमार्गको छेउमा पर्ने यो क्षेत्र कुनै समय पर्यटकको घुइँचोले थेगिनसक्नु हुन्थ्यो । तर पछिल्लो केही वर्ष कोरोनाको महामारी, वैकल्पिक सडक मार्गको प्रयोग र अन्य विविध कारणले गर्दा पर्यटक आगमनमा कमी आएको थियो ।

पछिल्लो समय भने दामन-पालुङ क्षेत्र पुनः पर्यटकको रोजाइमा पर्न थालेको छ । विशेषगरी गर्मी महिनामा यहाँको चिसो मौसम र प्राकृतिक सौन्दर्यले पर्यटकलाई आकर्षित गरिरहेको छ । हिमशृङ्खलाको मनोरम दृश्य हेर्न, अर्ग्यानिक खानाको स्वाद लिन तथा शुद्ध र चिसो हावा महसुस गर्न देश तथा विदेशका विभिन्न भागबाट पर्यटक यहाँ आइपुग्ने गरेका छन् । नेपालका तराई भू-भागमा गर्मी अत्यधिक हुने हुँदा चिसो वातावरण खोज्दै धेरैजसो आन्तरिक पर्यटक र छिमेकी देश भारतबाट समेत उल्लेख्य संख्यामा आगन्तुकहरू आउने गरेका छन् । पर्यटकहरू विशेषगरी गर्मी छल्न, शान्त वातावरणमा बस्न र हिमालका दृश्य अवलोकन गर्न यहाँ आउने गर्दछन् ।

यस्तै, जाडो महिनामा दामन र वरपरका क्षेत्रमा बाक्लो हिउँ पर्ने भएकाले हिउँ खेल्न चाहने आन्तरिक तथा विदेशी पर्यटकको चाप अझ बढी हुने गर्दछ । साथै दामन क्षेत्र धार्मिक महत्वले पनि उत्तिकै महत्व बोकेको क्षेत्र हो । दामनमा रहेको ऋखेश्वर महादेव मन्दिरमा श्रावण महिनामा विशेष मेला लाग्दै आइरहेको छ । साथै एकादशी फागुपुर्निमा लगायतका पर्वहरूमा यस मन्दिरमा धार्मिक पर्यटकहरूको उल्लेख्य आवागमन हुने गरेको थाहा होटल एशोसिएशनका अध्यक्ष शिवकुमार खत्रीले बताए ।

वर्षमा ७(८ हजार पर्यटक दामन क्षत्रमा आउने गरेको बताए । स्थानीय सरकार सँगको समन्वयमा उक्त क्षेत्रका ब्यवसायीहरुले दामन पालङमा हिंउ खेल्नको लागि स्केटिङ पार्क तथा अन्य संरचनाहरूलाई व्यवस्थित ढङ्गमा अगाडि बढाएर पर्यटनको विकासमा लागेको उनको भनाई छ । विगतका वर्षहरूमा पर्यटकको खचाखच आगमन हुने गरेको र पछिल्ला वर्षहरूमा सुकेको पर्यटन फेरि फस्टाउन थालेको अनुभव गरेको दामन घुम्न आएका पर्यटक बताउँछन् । दामन पालुङ क्षेत्रमा रहेका एतिहाँसिक संरचनाहरूलाई सरकार र स्थानीय निकायहरूले ध्यान पुऱ्याउन नसक्दा र प्रचार गर्न नसक्दा यहाँको पर्यटन जुन गतिमा मौलाउन पर्ने हो त्यो गति लिन नसकेको मकवानपुर मनहरि घर भएका पर्यटक शिवकुमार रिजाल बताउँछन् ।



स्थानीय व्यवसायीहरू पनि पर्यटक आगमन पुनः बढ्न थालेसँगै उत्साहित भएका छन् । होटल, होमस्टे तथा कृषि-पर्यटनसँग जोडिएका व्यवसायमा पुनः गति आउन थालेको उनीहरूको भनाइ छ । अर्कोतर्फ दामन-पालुङ क्षेत्र तरकारी उत्पादनमा देशकै एक प्रमुख स्रोतको रूपमा स्थापित हुँदै आएको छ । दैनिक झन्डै ५० टन तरकारी उत्पादन हुने यस क्षेत्रबाट काठमाडौँ, हेटौंडा, ललितपुर, भक्तपुर लगायतका सहरहरूमा नियमित रूपमा तरकारी आपूर्ति गरिँदै आएको छ । यहाँको उब्जनीले स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्नुका साथै कृषि पर्यटनको सम्भावना पनि बढाएको छ ।



## थाहाको वित्तीय प्रगती ७७ प्रतिशत, आन्तरिक आय साह्रै कमजोर

विकास संवाददाता
थाहानगर

मकवानपुर थाहा नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा ७७ दशमलव २२ प्रतिशत वित्तीय प्रगती हासिल गरेको छ । नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ का लागि ९८ करोड ३५ लाख २३ हजार ६ सय ९० रूपैयाँ बजेट विनियोजन गरेकोमा ७५ करोड ९५ लाख १० हजार ३ सय ४१ रूपैयाँ बजेट खर्च भएको हो ।

नगरपालिकाले प्रत्येक तीन-तीन महिनामा सार्वजनिक गर्ने प्रगती विवरणमा यस्तो उल्लेख गरिएको छ । थाहाले चालुतर्फ ५३ करोड ६४ लाख ४८ हजार ७५ रूपैयाँ विनियोजन गरेकोमा ४६ करोड ५० लाख ४३ हजार १ सय ७ अर्थात ८६ दशमलव ६९ प्रतिशत वित्तीय प्रगती हासिल गरेको छ ।

त्यसैगरी पुँजीगततर्फ ४४ करोड ७० लाख ७५ हजार ६ सय १५ रूपैयाँ बजेट विनियोजन गरेकोमा २९ करोड ४४ लाख ६७ हजार २ सय ३३ रूपैयाँ अर्थात ६५दशमलव ८७ प्रतिशत वित्तीय प्रगती भएको पालिकाले सार्वजनिक गरेको विवरणमा उल्लेख गरिएको छ ।

यसैबीच नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा प्रक्षपनको ज्यादै न्यून आन्तरिक आय संकलन गरेको छ । पालिकाले १६ करोड ५८ लाख ७ हजार १ सय ९० आन्तरिक आयको लक्ष्य राखेकोमा ५ करोड ३ लाख ८३ हजार १ सय ६ रूपैयाँ अर्थात ३० दशमलव ३९ प्रतिशत मात्र आन्तरिक आय संकलन भएको छ । यो अंक पालिकाको साह्रै कमजोर प्रगती हो ।

त्यसोतः ९८ करोड ३५ लाख २३ हजार ६ सय ९० रूपैया बजेटको अनुमान गरेकोमा कुल ८१ दशमलव ४८ प्रतिशत मात्र अर्थात ८० करोड १४ लाख ३९ हजार ७ सय ८३ रूपैयाँ मात्र प्राप्त भएको थाहा नगरपालिकाले जनाएको छ ।

## मकवानपुरबाट हराएका मध्ये ३४ जना अझै फेला परेनन्

◆ विकास संवाददाता

मकवानपुर जिल्लामा गत आर्थिक वर्षमा महिला, पुरूष, ज्येष्ठ नागरिक र बालबालिका गरी ३५१ जना हराएका मध्ये ३४ जना अझै फेला परेका छैनन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार आव ०८१/०८२ मा सबैभन्दा धेरै महिला हराएका थिए। प्रहरी नायब उपरीक्षक (प्रवक्ता) श्यामु अर्यालका अनुसार उक्त अवधिमा १५७ महिला हराएका थिए, जस मध्ये १४० जना फेला परे तर १७ जना अझै बेपत्ता छन् । त्यस्तै, विभिन्न उमेरका ८४ पुरूष हराएको लिखित जानकारी आएकोमा ७८ जना फेला परे र ६ जना अझै बेपत्ता छन्। सोही अवधिमा ७१ बालिका हराएका थिए, जस मध्ये ६६ जना फेला परे तर ५ जना अझै हराइरहेका छन् ।

प्रहरीका अनुसार २३ बालक हराएको विवरण प्राप्त भएकोमा २२ जना भेटिएका छन् भने १ जना अझै फेला परेको छैन । जिल्ला प्रहरी कार्यालय मकवानपुरकी महिला सेल प्रमुख असई नन्दकला टमाटाका अनुसार गत आवमा १६ जना ज्येष्ठ नागरिक हराएका थिए, जस मध्ये ११ जना फेला परे र ५ जना अझै बेपत्ता छन् । प्रवक्ता अर्यालले भने, 'गत आवमा हराएका ३५१ मध्ये ३१७ जना भेटिएका छन् तर ३४ जना अझै फेला परेका छैनन् । उनीहरू कता हराए भन्नेबारे खोजी कार्य जारी छ ।' प्रमुखतः बालबालिका र किशोर किशोरीहरूलाई रोजगार लागि भनेर ललाइफकाइ गरी अन्यत्र काममा लगाउने गरेको बताइएको छ ।

यद्यपि महिला सेलको ठम्याइअनुसार केही व्यक्ति घर फर्किए पनि प्रहरी कार्यालयमा जानकारी नआएको हुनसक्ने अनुमान गरिएको छ ।



## • सम्पादकीय •

### सम्पदा संरक्षणमा स्थानीय तहको अग्रसरता आवश्यक

अहिले समाज परिवर्तनको क्रममा मानिसहरूले गरेका अभ्यास अनि निर्माण गरेका संरचनाहरू हामी माझ सम्पदाको रूपमा देखिएका, सुनिएका छन् । मानिसहरूले अभ्यास गरेका व्यवहार, निर्माण गरेका संरचना, भौगोलिक स्वरूपमा गरेका परिवर्तन, प्राकृतिक घटनाक्रमले निर्माण गरेका स्वरूपहरू सबैलाई सम्पदा भनिन्छ । सम्पदाहरू मानव निर्मित र प्राकृतिक, भौतिक र अभौतिक , साँस्कृतिक र ऐतिहासिक गरी धेरै किसिमका हुन्छन् । साँस्कृतिक सम्पदालाई भौतिक र अभौतिक सम्पदामा वर्गीकरण गरिन्छ । मानिसले प्रत्यक्ष रूपमा देख्न महसुस गर्न सक्ने र भौतिक आकार प्रकार भएका सम्पदाहरू भौतिक सम्पदा हुन भने प्रत्यक्ष देख्न नसकिने तर ज्ञानेन्द्रीयहरूले महसुस गर्न सक्ने सम्पदाहरू अभौतिक वा अमूर्त साँस्कृतिक सम्पदा हुन् । अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ ले नेपालमा परम्परागत रूपमा वसोवास गर्दै आएका जातीय समुदायका एक पुस्तावाट अर्को पुस्तामा पुस्तान्तरण हुँदै तथा अभ्यास भईआएका मौखिक परम्परा तथा अभिव्यक्ति, अभिनय तथा मञ्चन कला, सामाजिक व्यवहार, अनुष्ठान, जात्रा पर्वहरू, प्रकृति एवं ब्रह्माण्ड सम्वन्धी ज्ञान, परम्परागत कलाकौशल, उत्पादन गर्ने सीप र प्रविधि, परम्परागत खेल, खाद्य परिकारका सीप, पहिरन लगायत आभूपण सम्बन्धी ज्ञानका साथै सम्पदा अभ्यास, कार्यान्वयन तथा अभ्यास गर्ने स्थल र स्मरणमा रहेका तर अभ्यासमा नरहेका अमूर्त सांस्कृतिक सम्पदालाई 'अभौतिक सांस्कृतिक सम्पदा' भनि परिभाषित गरेको छ ।

यसैगरी युनेस्कोको अमूर्त साँस्कृतिक सम्पदा संरक्षण महासन्धि २००३ का अनुसार अमूर्त साँस्कृतिक सम्पदा भन्नाले समुदाय, समूह तथा व्यक्तिहरूले उनीहरूको साँस्कृतिक सम्पदाको अंगका रूपमा मान्यता दिएका उपकरण, वस्तु, कलाकृति तथा साँस्कृतिक स्थलहरू लगायत प्रतिनिधित्व, अभिव्यक्ति, ज्ञान एवं सिपहरूलाई बुझाउँछरु। अमूर्त साँस्कृतिक सम्पदाको संवाहकका रूपमा भाषा सहित मौखिक अभिव्यक्ति तथा परम्पराहरू, प्रस्तुति, कला, सामाजिक प्रचलन, रीतिरिवाज एवं चाडपर्वहरू, प्रकृति तथा ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू परम्परागत शिल्पकारिता जस्ता कुराहरूबाट अभिव्यक्त भएको हुन सक्ने कुरा यो अभिसन्धिले प्रस्ट पारेको छ । भौतिक सम्पदा जस्तो गरि अभौतिक/अमूर्त सम्पदाहरू सहज रूपमा पहिचान गर्न कठिन हुन्छ। मानिसहरूको जात, धर्म, आस्था, भौगोलिक अवस्था, पेशागत अभ्यास, प्रकृतिसंगको निकटता र बाह्य सम्पर्क जस्ता कुराहरूले अभौतिक साँस्कृतिक सम्पदाहरूमा भिन्नता आएको हुन्छ ।

राष्ट्रिय बौद्धिक सम्पत्ति नीति २०७३ ले अमूर्त साँस्कृतिक सम्पदालाई बौद्धिक सम्पत्ति मानेको छ। यस नीतिले परम्परागत साँस्कृतिक अभिव्यक्ति, लोक वार्तासमेतका अमूर्त साँस्कृतिक सम्पदालाई वौद्धिक सम्पत्तिको रूपमा संरक्षण गरी मौलिक पहिचानमा दखल नगर्ने गरि प्रयोग गर्ने अधिकार तथा व्यवसायिक प्रयोगमा समन्यायिक लाभ बाँडफाँडको दावीको अधिकार सहितको कार्यविधि तयार गरी आवश्यक व्यवस्था गर्ने र परम्परागत साँस्कृतिक अभिव्यक्ति तथा अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण तथा अभ्यासमा उचित सीमा एवं संरक्षणको अपवादको ब्यवस्था गरि सन्तुलित परम्परागत साँस्कृतिक अभिव्यक्ति तथा अमूर्त साँस्कृतिक सम्पदा संरक्षण प्रणालीको विकास गर्ने नीति अघि सारेको छ। यस किसिमका सम्पदाहरु संरक्षण व्यवस्थापन गर्न संघीयता पश्चात् गठन भएका स्थानीय तहहरुले सक्दछन् । यसका लागि मात्र इच्छाशक्तिको आवश्यक पर्दछ । भौतिक होस् या अभौतिक सम्पदा यि सबैको संरक्षण गर्न सके स्थानीय तहहरुको आफ्नो अस्तित्व समेत बलियो बन्दै जान्छ भने अर्कोतिर पर्यटन, अनुसन्धान लगायतको क्षेत्रमा पनि टेवा मिल्छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# स्थानीय तहको सबलीकरण यसरी गर्न सकिन्छ कि ?



**कमलेश विक**

नेपालको संघीय प्रणालीले सत्ताको विकेन्द्रीकरण गर्दै संघ, प्रदेश र स्थानीय तहलाई सशक्त शासन संयन्त्रका रूपमा परिकल्पना गरेको छ । यीमध्ये पनि स्थानीय तहहरू जनताको घरदैलोमा पुग्ने सरकार भएकाले संघीयता कार्यान्वयनको मेरूदण्ड मानिन्छन् । त्यसैले स्थानीय तहहरूको सबलीकरणबिना संघीयता प्रभावकारी बन्न सक्दैन । संघीय शासन प्रणालीमा नीति निर्माण, सेवा प्रवाह र विकासका कार्य संवैधानिक रूपमा तहगत सरकारमा बाँडिएका हुन्छन् । सामान्यतः संघले राष्ट्रिय महत्त्वका नीतिहरू बनाउँछ, प्रदेशले क्षेत्रगत समन्वय गर्छ भने स्थानीय तहले सिधै जनतासँग जोडिएका सेवाप्रवाह तथा स्थानीय पूर्वाधार विकासका कार्य सञ्चालन गर्छ ।

स्थानीय तहमा पनि अन्य सरकारकै जस्तो संरचना हुन्छ । मेयर /अध्यक्ष, कार्यपालिका, गाउँसभा/नगरसभा, कर्मचारी, बजेट, नीति र योजना । नजिकको सरकार भएकाले जनताको आवश्यकता पहिचान गरी ती आवश्यकता पूर्ति गर्ने प्रत्यक्ष जिम्मेवारी स्थानीय तहकै हो । यसले स्थानीयस्तरमा लोकतन्त्रको अभ्यासलाई सुदृढ गर्दै जनताको सहभागितालाई सुनिश्चित गर्छ ।

### स्थानीय तह सबलीकरणको आवश्यकता

स्थानीय तह सबल नभएसम्म संघीयताको पूर्ण कार्यान्वयन हुन सक्दैन । त्यसैले स्थानीय तहलाई सक्षम बनाउनु संघीयता कार्यन्वयनको मूल पक्ष हो ।

- *नीति निर्माणमा स्वतन्त्रता :* स्थानीय तहले आफ्ना जनताको आवश्यकता र प्राथमिकताअनुसार योजना तथा नीति निर्माण गर्न सक्ने स्वायत्तता पाउनुपर्छ । केन्द्रीय निर्देशनमा मात्र निर्भर रहँदा स्थानीय विशिष्टता ओझेल पर्न सक्छन् ।
- *वित्तीय स्वायत्तता :* स्थानीय तहले आफ्नै स्रोत परिचालन गर्न सक्ने अधिकार र संरचना हुनुपर्छ । वित्तीय रूपमा आत्मनिर्भर नभएसम्म उनीहरूले आफ्नो क्षेत्राधिकारभित्रका कार्य प्रभावकारी रूपमा सम्पादन गर्न सक्दैनन् ।
- *सेवा प्रवाहको क्षमता :* स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, सडकलगायत दैनिक र आधारभूत सेवा जनताको पहुँचमा पुऱ्याउने कार्य प्रभावकारी हुनुपर्छ । यसका लागि आवश्यक भौतिक र मानवीय स्रोतको व्यवस्थापन अपरिहार्य छ ।
- *जनताप्रतिको जवाफदेहिता :* स्थानीय तहले आफ्ना कामको पारदर्शिता कायम राख्दै सामाजिक लेखा परीक्षण र निर्णय प्रक्रियामा जनताको सहभागिता सुनिश्चित गर्न सक्नुपर्छ । यसले सुशासन र उत्तर दायित्व प्रवर्द्धन गर्छ ।

### कानुनी व्यवस्था र संवैधानिक अधिकार

नेपालको संविधानले स्थानीय तहलाई स्पष्ट रूपमा अधिकार दिएको छ । अनुसूची ८ ले स्थानीय तहका २२ एकल अधिकार का विषयहरू उल्लेख गरी पूर्ण अधिकार दिएको छ । अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारहरूको व्यवस्था गरेको छ । यी अधिकारको प्रयोगका लागि आवश्यक वित्तीय स्रोतको सुनिश्चितताका लागि वित्तीय अधिकार बाँडफाँटको रूपरेखा समेत नेपालको संविधान र कानुनले तोकेको अवस्था छ । यी संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले कार्यपद्धति, संरचना, सेवाप्रवाह, जनप्रतिनिधिको जिम्मेवारीजस्ता विषय स्पष्ट पारेको छ । यी कानुनी व्यवस्थाहरू कागजमा बलिया भए पनि व्यवहारमा विभिन्न अड्चनहरू देखिएका छन्, जस्तै- दोहोरो अधिकार, अस्पष्ट जिम्मेवारी र समन्वयको अभाव ।

### वित्तीय चुनौती

स्थानीय तहहरूको सबलीकरणमा सबैभन्दा ठूलो अड्चन वित्तीय निर्भरता हो । उनीहरू अझै पनि अधिकांश बजेट बाह्य स्रोत अनुदान, साझेदारी र संघीय निकायबाट पाउने रकममा निर्भर छन् । यस्तो स्थितिले आफ्नै योजना बनाउने स्वतन्त्रता घटाउँछ र केन्द्रमुखी विकासलाई प्रोत्साहन गर्छ ।

- सशर्त अनुदानको उच्च निर्भरता : संघीय सरकारबाट प्राप्त हुने अधिकांश रकमको हिस्सा सशर्त अनुदान हुने भएकाले स्थानीय तहले आफ्नै प्राथमिकता निर्धारण गरी खर्च गर्न बाधा पुग्छ । यसले स्थानीय आवश्यकतालाई बेवास्ता गर्न सक्ने जोखिम बढाउँछ ।
- *आन्तरिक स्रोत परिचालनमा कमजोरी :* अधिकांश स्थानीय तहको कर संकलन प्रणाली कमजोर छ, व्यावसायिक गतिविधि र सेवाको दायरा सीमित छ । जसकारण आन्तरिक स्रोत परिचालन प्रभावकारी हुन सकेको छैन ।
- *स्रोतको समन्वय अभाव :* प्रदेश र संघसँग समन्वय नहुँदा दोहोरो योजना वा दोहोरिएका खर्चहरू हुने गर्छन्, जसले स्रोतको अपव्यय बढाउँछ ।

### समाधानका उपाय के छन् ?

- *स्थानीय कर प्रणालीलाई व्यवस्थित बनाउने :* सम्पत्ति कर, व्यवसाय कर, सेवा शुल्क, जरिवाना र अन्य शुल्कहरूलाई प्रभावकारी रूपमा संकलन गर्न राजस्व प्रशासनलाई सुदृढ पार्ने । करको दायरा विस्तार गर्ने र प्रविधिमैत्री कर प्रणालीको विकास गर्ने ।
- *सार्वजनिक-निजी साझेदारी (पीपीपी) विकास :* स्थानीय तहले निजी क्षेत्रसँग मिलेर पूर्वाधार विकास वा सेवाहरू सञ्चालन गर्न सक्ने संयन्त्र विकास गर्ने । यसले वित्तीय भार कम गर्न र दक्षता बढाउन मद्दत गर्छ ।
- *वित्तीय पारदर्शिता र डिजिटल प्रणालीको प्रयोग :* बजेट निर्माणदेखि खर्च र अनुगमनसम्म सबै प्रक्रियालाई सूचना प्रविधिमा आधारित बनाई पारदर्शिता सुनिश्चित गर्ने । यसले भ्रष्टाचार न्यूनीकरण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउँछ ।
- *स्थानीय सम्भावनाको पहिचान र रूपान्तरण :* कृषि, पर्यटन, जलस्रोत, वनजन्य उत्पादन, जडिबुटीलगायत क्षेत्रमा आधारित योजना निर्माण गरी रोजगारी सिर्जना गर्ने र राजस्व बढाउने । स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन र चनात्मक पहल गर्ने ।

*कानुनी र नीतिगत सुधार आवश्यक*

स्थानीय तहलाई थप सबल बनाउन केही कानुनी र नीतिगत सुधारहरू आवश्यक छन् ।

- *राजस्व बाँडफाँट स्पष्ट बनाउने :* संघ, प्रदेश र स्थानीय तहबीचको कर अधिकार तथा वितरणलाई अझ स्पष्ट र पारदर्शी बनाउनुपर्छ । यसका लागि र ाजस्व परामर्श समितिहरूको भूमिकालाई थप प्रभावकारी बनाउन सकिन्छ ।
- *स्थानीय तहलाई ऋण लिन सक्ने अधिकारको प्रयोग व्यवस्थित हुनुपर्ने :* दीर्घकालीन योजना वा पूर्वाधार निर्माणका लागि निश्चित सीमाभित्र रहेर ऋण लिन सक्ने कानुनी व्यवस्था आवश्यक छ । यसले ठूला परियोजनाहरूमा लगानी जुटाउन मद्दत पुऱ्याउँछ ।
- *समन्वय संयन्त्रलाई कानुनी रूपमा बलियो बनाउने :* संघ, प्रदेश र स्थानीय तहबीच नियमित समन्वय हुने, विवाद समाधान गर्ने र नीतिगत स्पष्टता ल्याउने संस्थागत तथा प्रक्रियागत प्रबन्धलाई कानुनी रूपमा नै सुदृढ पार्नुपर्छ ।

### प्राविधिक क्षमता र मानव संशाधन सुदृढीकरण

स्थानीय तहलाई कागजमा अधिकार दिइए पनि त्यसलाई कार्यान्वयन गर्न दक्ष जनशक्तिको अभाव देखिन्छ । योजना बनाउन, बजेट तयार पार्न, सामाजिक लेखा परीक्षण गर्न, सेवा प्रवाहको अनुगमन गर्न आवश्यक सीपयुक्त जनशक्ति र अनुभव स्थानीय तहमा पर्याप्त छैन । यसका लागि कर्मचारीको क्षमता अभिवृद्धि जरूरी छ । योजना, बजेट र लेखासम्बन्धी कर्मचारीहरूलाई नियमित रूपमा तालिम प्रदान गर्ने र नयाँ प्रविधि र कार्यपद्धतिबारे अद्यावधिक गराउनुपर्ने देखिन्छ । सामुदायिक बजेट, सहभागितामूलक योजना, खुला सरकार जस्ता अभ्यासलाई व्यवहारमा उतार्नुपर्छ । आम नागरिकलाई निर्णय प्रक्रियामा सहभागी गराउन प्रोत्साहन गर्नुपर्छ । डिजिटल प्रणाली, व्यवस्थापन सूचना प्रणाली, अनलाइन सेवा प्रणालीलाई स्थानीय तहसम्म विस्तार गर्नुपर्छ । यसले सेवा प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाउँछ ।

निष्कर्षमा, स्थानीय तहलाई सबल बनाउने काम संघीयता कार्यान्वयनको प्रमुख बिन्दु हो । तर अहिलेको अवस्था हेर्दा अझै पनि स्थानीय तहहरू वित्तीय निर्भरता, स्रोतको अभाव, कानुनी अस्पष्टता र दक्ष जनशक्तिको कमीबाट प्रभावित छन् । यदि हामीले संघीयता केवल नारा होइन, व्यवहारमा उतार्न चाहन्छौं भने स्थानीय तहलाई आत्मनिर्भर , पारदर्शी, समावेशी र उत्तरदायी बनाउनु जरूरी छ । त्यसका लागि बजेट संरचना, कानुनी प्रष्टता, स्रोत व्यवस्थापन र दक्षता अभिवृद्धिमा तत्काल ध्यान दिनुपर्छ । स्थानीय तह सबल भए मात्र संघीय शासन प्रणाली सफल, समावेशी र दीर्घकालीन बन्न सक्छ ।

*(विक कालीकोटको पलाता गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुन् ।)*

स्थानीय तहल
काम संघीयत
प्रमुख बिन्दु है
अवस्था हेर्दा अ
तहहरू वित्तीय
अभाव, कानुनी
जनशक्तिको

## के हो माइनक्राफ्ट ?

# बालबालिकाले खेल्दा कति जोखिम के फाइदा

सन २००९ मा मोजाङ स्टुडियोजले ल्याएको भिडियो गेम हो माइनक्राफ्ट । यो अहिले विश्वको सबैभन्दा प्रसिद्ध भिडियो गेम फ्रान्चाइजहरू मध्ये एक बनेको छ ।

जुन विश्वका हरेक देश र क्षेत्रका लाखौँ मानिसहरूले खेल्छन् । माइनक्राफ्टले सयौँ स्ट्रिमिङ क्यारियर र कन्टेन्ट क्रिएटरहरूको च्यानलहरू सुरू गरेको छ, जसले यसलाई स्ट्रिमिङ प्ल्याटफर्महरूमा सबैभन्दा धेरै हेरिने गेमहरू मध्ये एक बनाएको छ । युट्युबमा मात्र माइनक्राफ्ट भिडियोहरू १ ट्रिलियनभन्दा बढी पटक स्ट्रिम गरिएका छन् ।

यो खेलले वयस्क र बालबालिकालाई समान रूपमा आकर्षित गर्ने गरेको छ । तपाईंले सम्भवतः माइनक्राफ्टबारे सुन्नुभएको छ वा सुन्नु नै भएको छैन । सायद बच्चाहरूबाट धेरै कुरा थाहा पाउनुभएको पनि हुन सक्छ । आफ्ना बच्चाहरू जतिखेरै यो खेलमा झुण्डिएको देखे हैरान हुनुभएको पनि हुनसक्छ ।

बच्चाहरूले माइनक्राफ्ट खेल्दा हुने जोखिम र फाइदा के-के हुन् त ?

### माइनक्राफ्ट के हो ?

माइनक्राफ्ट एक यस्तो गेम हो जहाँ खेलाडीहरूले ब्लकहरू राखेर साहसिक यात्रामा जान्छन् । यसमा कन्टेनर वा हतियार जस्ता साधारण वस्तुहरू बनाउनेदेखि लिएर घर, किल्ला र शहर जस्ता संरचनाहरू निर्माण गर्ने वा जटिल मेकानिकल उपकरणहरू बनाउनेसम्मका गतिविधिहरू हुन्छन् ।

यो एक खेलको संसारमा हरेक कुरा हुन्छ । यसमा खेलाडीले आफ्नो कल्पनामा रहेका कुनै पनि डिजाइन र सिर्जनाहरू बनाउन यसमा अनुमति दिइन्छ ।

र, यो अन्यहीन र असीमित हुन्छ । माइनक्राफ्टको गेमप्ले दुई मोडमा विभाजित छ, सर्वाइभल मोड र क्रिएटिभ मोड ।



### सर्वाइभल मोड

सर्वाइभल मोडमा खेलाडीहरूले खाना खोज्नुपर्छ र तरवार वा पिक्याक्स जस्ता हतियारहरूले शत्रुहरूसँग लड्नुपर्छ । खेलाडीहरूले आफ्नो परिवेशको अन्वेषण गर्दा सावधान हुनुपर्छ, किनभने उनीहरूमाथि क्रिपर जस्ता खतरनाक प्राणीहरूले आक्रमण गर्न सक्छन् ।

मुख्य लक्ष्य भनेको सामग्रीहरू प्रयोग गरेर उपकरण र संरचनाहरू (जस्तै घर वा बगैंचा) बनाएर खतराहरूबाट सुरक्षित रहनु हो । अन्य धेरै गेमहरूभन्दा यो फरक छ । यहाँ जितको लक्ष्य पूर्णरूपमा खेलाडीको हातमा हुन्छ । खुला विश्वको संरचनाले विभिन्न खेल शैलीहरूलाई प्रोत्साहन गर्छ र क्राफ्टिङ मेकानिक्ससँग प्रयोग र अन्वेषणलाई बढावा दिन्छ ।

संरचित चुनौती चाहनेहरूका लागि, एन्डर ड्र्यागन यो मोडको मुख्य खलनायक हो, जसलाई परास्त गर्नु सजिलो छैन ।

### क्रिएटिभ मोड

क्रिएटिभ मोडमा खेलाडीहरूले भोक, स्वास्थ्य वा शत्रुको आक्रमणको चिन्ता गर्नुपर्दैन । यहाँ खेलाडीहरू उड्न सक्छन् र असीमित इन-गेम स्रोतहरूमा पहुँच पाउँछन् । सामग्रीहरूको पूर्ण भण्डार हुन्छ । त्यसमार्फत खेलाडीहरूले मनपर्ने कुरा सिर्जना गर्छन् । कसैले साधारण संरचनाहरू बनाउँछन्, भने कसैले विशाल कला र इन्जिनियरिङका कृतिहरू सिर्जना गर्छन् । सम्भावनाहरू असीमित छन् !

### माइनक्राफ्ट बालबालिकाका लागि उपयुक्त छ ?

माइनक्राफ्टलाई इ१०+ (एभ्रिवन १०+) रेटिङ दिइएको छ । यसको अर्थ कम्तीमा १० वर्ष र यो भन्दा माथि उमेरको व्यक्तिका लागि उपयुक्त भनिएको हो ।

यसमा खेलाडीले अन्तर्क्रिया गर्न सक्छन् अर्थात इन्टर्याक्ट अनलाइनमा कुराकानी गर्न सक्छन् । वास्तविक पैसा प्रयोग खर्च गरेर खेलभित्रका लागि मुद्रा तथा कुनै पनि आवश्यक वस्तु तथा उपकरण किन्न सक्न सुविधा यसमा छ । बाल खाता सिर्जना गर्नु बच्चाहरूको अनुभवलाई उमेर-अनुकूल बनाउनको लागि उत्तम तरिका हो। माइक्रोसफ्ट र माइनक्राफ्टले बच्चाहरूलाई गेमका लागि खाता खोल्ने सुविधा दिन्छ । यसले गेमप्ले, मल्टिप्लेयर पहुँच, च्याट सेटिङ्स र साथी अनुरोधहरू पठाउने कुराको व्यवस्थापन र निगरानी अभिभावकहरूलाई सहज बनाउँछ ।

यसमा अपरिचितहरूसँग अन्तरक्रिया सीमित गर्ने पूर्वनिर्धारित सुविधाहरू छन् । निश्चित रूपमा, बाल खाताहरूलाई इन-गेम खरिदहरूका लागि अभिभावकको स्वीकृति चाहिन्छ ।

माइनक्राफ्टको मूल गेममा हिंसात्मक वा रक्तरञ्जित सामग्री हुँदैन। शत्रु र अन्य प्राणीहरू परास्त हुँदा केवल गायब हुन्छन्, मारिएको हिंसात्मक दृश्य देखिँदैन । खेलाडीहरूले खानाका लागि गैर-खतरनाक जनावरहरूलाई मार्न सक्छन् तर यस्ता प्रदर्शनहरू त्यति चर्चालायक हुँदैनन् ।

तथापि, सिर्जना र साझेदारी गर्ने सुविधाले गर्दा केही प्रयोगकर्ताहरूले तपाईंका बच्चाहरूका लागि उपयुक्त नहुने सामग्री सार्वजनिक गर्न सक्छन् । तर प्रयोगकर्ताहरूले बनाएएका सामग्रीमा पहुँचलाई व्यवस्थापन गर्न अर्थात आफ्ना बालबालिकालाई त्यसमा पहुँच नदिई अभिभावकले नियन्त्रण गर्ने सुविधा यसमा छ । पिक्याक्स र डायनामाइट जस्ता सामग्रीहरू भू-भाग र शत्रुहरूलाई विस्फोट गर्न प्रयोग गरिन्छ, तर यी ब्लकबाट बनेका र कार्टुनी प्रकृतिका हुन्छन् । सर्वाइभल मोडमा, खेलाडीहरू भोक, आगो, डुब्ने, खस्ने वा खतरनाक प्राणीहरूको आक्रमणबाट मर्न सक्छन् । तर, यी दृश्यहरू देखाइँदैनन्, र खेलाडीहरू मरेपछि पुनर्जीवित हुन्छन् ।

### सामुहिक सुविधाहरु

माइनक्राफ्ट विश्वहरू सर्भरहरूमा होस्ट गरिन्छन् । यसभित्र स्वतन्त्र सदस्यहरूले स्थापना गरेका निजी सर्भरहरू मोजाङ स्टुडियोजद्वारा नियन्त्रित वा मध्यस्थ गरिँदैनन्। सर्भरहरूमा अभिभावकले नचिनेका प्रयोगकर्ताहरू हुन सक्छन् । पीसी संस्करणमा भ्वाइस च्याट उपलब्ध छैन, तर खेलाडीहरूले डिस्कर्ड जस्ता अन्य प्ल्याटफर्महरू प्रयोग गरेर कुराकानी गर्न सक्छन्। यता, एक्सबक्स र प्लेस्टेसन जस्ता गेम कन्सोल प्ल्याटफर्महरूमा खेल्नेहरूले इन-गेम भ्वाइस च्याटमा पहुँच पाउँछन् ।

अभिभावकले आफ्ना बच्चाहरूले को-कोसँग कुराकानी गर्न सक्छन् भन्ने कुरालाई रोक्न वा सीमित गर्न सक्छन् । अनुचित व्यवहार गर्ने अन्य खेलाडीहरूलाई ब्लक वा म्यूट गर्न सकिन्छ । साथै, गेमभित्र र माइनक्राफ्ट वेबसाइटको गायडलाइन्स उल्लंघन गर्ने खेलाडी र सर्भरहरूलाई रिपोर्ट पनि गर्न मिल्छ ।

अभिभावकले आफ्ना बच्चाहरू कुन माइनक्राफ्ट सर्भरमा सहभागी छन् भनेर निगरानी गर्नुपर्छ, ता कि प्रयोगकर्ता आधार उपयुक्त छ कि छैन भनेर निर्धारण गर्न सकियोस् । मोजाङ स्टुडियोजले गेमरसेफरसँग साझेदारी गरेर आधिकारिक माइनक्राफ्ट सर्भर सूची क्युरेट गर्छ, जहाँ खेलाडीहरूले सुरक्षित तेस्रो-पक्ष सर्भरहरू सजिलै फेला पार्न सक्छन् ।

थप सुरक्षाका लागि आफ्ना बच्चाहरूका लागि माइनक्राफ्ट रियलम नामक निजी सर्भर बनाउन सकिन्छ । यसले कसलाई प्रवेश गर्न अनुमति दिने वा नदिने भनेर व्यक्तिगत रूपमा स्वीकृत वा अस्वीकार गर्न अनुमति दिन्छ । माइनक्राफ्ट रियलम सेटअप गर्न प्रयोगकर्ता-अनुकूल छ र कुनै प्राविधिक ज्ञान आवश्यक पर्दैन । अभिभावकको अनुमतिमा बच्चाहरूले आफ्ना साथीहरूलाई आफ्नो निजी रियलममा खेल्न निम्तो दिन सक्छन् ।

### माइनक्राफ्टका दुई संस्करण छन् : माइनक्राफ्ट जाभा र माइनक्राफ्ट बेडरक

माइनक्राफ्ट स्मार्टफोन, ट्याब्लेट र कम्प्युटरमा उपलब्ध छ । तर यसका लागि थोरै मूल्य तिर्नुपर्ने हुन्छ । जस्तो यसको संस्करण अनुसार करिब ७ डलरदेखि २० डलरसम्म यसमा खर्च गर्नुपर्ने हुन्छ । तर यो खरिद गर्नका लागि अभिभावकको स्वीकृति आवश्यक हुन्छ । बालबालिकालाई सिकाउने उद्देश्यले माइनक्राफ्टको विशेष संस्करण पनि बनाइएको छ । यसलाई 'माइनक्राफ्ट : इजुकेसन इडिसन'को नाम दिइएको छ । यसले बच्चाहरूलाई रचनात्मक हुन, समस्याहरूको समाधान गर्ने जस्ता कुरा सिकाइएको छ ।


नगरौं विवाहका कुरा: भएको छैन बीस वर्ष पुरा




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढन देउ, विवाह हैन पढन देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर



थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर आन्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर


## अदुवा सेवका फाइदा

अदुवा हाम्रो भान्सामा मात्र नभई परम्परागत औषधीय उपयोगमा पनि अत्यन्त महत्त्वपूर्ण मानिन्छ । यसलाई मसला, स्वादवर्धक तथा स्वास्थ्यवर्धक तत्वका रूपमा प्रयोग गरिन्छ । विशेषगरी तातो पानीमा अदुवा हालेर पिउनु स्वास्थ्यका दृष्टिले निकै लाभदायक मानिन्छ । यसले शरीरलाई भित्री रूपमा तताउने मात्र होइन, विभिन्न रोगहरूको जोखिम कम गर्न, रोगप्रतिरोधात्मक क्षमता बढाउन र पाचन प्रणालीलाई सुदृढ बनाउन मद्दत गर्छ । यहाँ अदुवा हालिएको तातो पानीका प्रमुख फाइदाहरू विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

- रोगप्रतिरोधात्मक क्षमता वृद्धि
- तौल नियन्त्रणमा सहयोगी
- रगतको सञ्चार सुधार
- पाचन प्रणाली सुधार
- एन्टिइन्फ्लेमेटोरी (सुजन कम गर्ने) गुण
- चिसो मौसममा शरीर तताउने
- घाँटी दुखाइ र खोकीमा लाभकारी
- मानसिक तनाव कम गर्ने
- छालाको स्वास्थ्य सुधार
- डिटक्स (शरीर सफा गर्ने) प्रभाव

अदुवाले शरीरभित्रको अनावश्यक बोसो, टक्सिन र हानिकारक पदार्थलाई बाहिर निकाल्ने गुण हुन्छ ।

# हेटौंडा उपमहानगरपालिकालाई प्रादेशिक कृषि थोकबजार हस्तान्तरण




◆ विकास संवाददाता

मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा नम्बर ११ थानाभन्ज्याङमा निर्माण भएको प्रादेशिक कृषि थोकबजार हेटौंडा उपमहानगरपालिकालाई हस्तान्तरण गरिएको छ । बागमती प्रदेश सरकारको ७० प्रतिशत र उपमहानगर पालिकाको ३० प्रतिशत लागत साझेदारीमा निर्माण भएको थोकबजार आइतबार आयोजित एक कार्यक्रमकाबीच उद्घाटन एवम् हस्तान्तरण गरिएको हो ।

कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठ र नगरप्रमुख मीनाकुमारी लामाले संयुक्तरूपमा थोकबजार भवनको उद्घाटन गरेका हुन् ।

कुल ३२ करोड १० लाख रुपैयाँ लागतमा निर्माण गरिएको थोकबजार भित्रको पक्की सडक निर्माणका लागि कृषि विकास निर्देशनालयबाट थप ७७ लाख रुपैयाँ बजेट विनियोजन गरिएको थियो । कुल २ बिगाहा ४ धुर क्षेत्रफलमा फैलिएको बजारमा थोकबिक्रीका लागि दुईतलाको भवनमा ४० वटा सटर, तर कारी ओसारपसारका लागि ४ वटा कार्गो लिफ्ट र २ वटा यात्रु लिफ्टको व्यवस्था छ भने खुद्रा बिक्री भवनमा २३ वटा सटर र २ वटा यात्रु लिफ्ट छन् ।

प्रादेशिक थोकबजारको निर्माणकार्यका लागि संघीय कृषि मन्त्रालयले सबै प्रदेशका प्रमुख सहरमा जस्तै हेटौंडामा पनि किसानका लागि प्रादेशिक कृषि थोकबजार को आवश्यकता पहिचान गरी यसको डिपिआर तयार गरेको हो । २०७६ पुसमा तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलको उपस्थितिमा बसेको बैठकले तयार गरेको मोडालिटीअनुसार निर्माण कार्यको कुल लागतमध्ये भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश ७० प्रतिशत र हेटौंडा उपमहानगरपालिकाले ३० प्रतिशत लागत साझेदारी गर्ने निर्णय भए बमोजिम २०७७ भदो महिनामा कृषि विकास निर्देशनालय र हेटौंडा उपमहानगरपालिकाबीच सम्झौता भएको थियो ।

वि.सं. २०७८ जेठमा निर्माणकार्यका लागि अनक/माउण्टेन जेभिसँग निर्माण सम्झौता भएको थियो । उद्घाटन समारोहमा मन्त्री श्रेष्ठले थोकबजारलाई प्रदेश सरकारले नमूना कार्यक्रमको रूपमा अघि बढाएका बताएका छन् ।

# नेपाली काँग्रेस बागमती प्रदेश संसदीय दलको नेतामा ईन्द्र बानियाँ

◆ विकास संवाददाता



नेपाली काँग्रेस बागमती प्रदेश संसदीय दलको नेताको रूपमा ईन्द्रबहादुर बानियाँले पदभार ग्रहण गरेका छन् । १४ साउनमा भएको दलको नेताको चुनावमा पराजित भएपछि बहादुरसिंह लामाले बानियाँलाई पद हस्तान्तरण गरेका हुन् ।

हेटौंडामा भएको निर्वाचनमा कुल ३७ मत खसेकोमा बानियाँले २२ र उनका प्रतिस्पर्धी बहादुर सिंह लामाले १४ मत प्राप्त गरे । एक मत भने बदर भएको छ । बागमती प्रदेश सभामा कांग्रेसका ३७ सांसद छन् । संसदीय दलको बहुमत संख्या अर्थात् २२ मतसहित बानियाँ दलको नेता चुनिएका हुन् । यसअघि बानियाँकै अगुवाइमा संसदीय दलका तत्कालीन नेता लामाविरूद्ध अविश्वास प्रस्ताव दर्ता गरिएको थियो । उक्त प्रस्ताव संसदीय दलको बहुमत अर्थात् २२ मतले पारित गरेको थियो ।

रिक्त संसदीय दलको नेता पदका लागि १४ साउनमा निर्वाचन गरिएको हो । संसदीय दलको नेतामा बानियाँ र लामा यही कार्यकालमा दोस्रो पटक आपसमा भिडेका हुन् । २०७९ मा बानियाँलाई नै पराजित गर्दै संसदीय दलको नेतामा लामा निर्वाचित भएका थिए । संसदीय दलको नेतामा निर्वाचित बानियाँ कांग्रेसको बागमती प्रदेश सभापति समेत हुन् ।

# ऋषेश्वरमा सवा लाख दीप प्रज्वलन

◆ विकास संवाददाता



जय दुर्गे काली सेवा केन्द्र काठमाडौंको आयोजनामा थाहा नगर पालिका-४ स्थित ऋषेश्वर महादेव मन्दिरमा भव्य सबा लाख दीप प्रज्वलन भएको छ ।

विश्व शान्तिको कामना गर्दै देशभर का १०८ शक्तिपीठहरूमा सञ्चालन गरिँदै आएको सबा लाख दीप प्रज्वलन महाअभियान अन्तर्गत् थाहाको ऋषेश्वर मन्दिरमा पनि यो विशेष कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा भक्तजनहरुका उल्लेख्यि सहभागिता थियो । दीप प्रज्वलनमा थाहा नगरपालिकाका नगरप्रमुख बिष्णु बिष्ट, उपप्रमुख भरत गोपाली, ऋषेश्वर क्षेत्र विकास समितिका अध्यक्ष बिनोदकुमार लामा, जयदुर्गे काली सेवा केन्द्रकी गुरूमातालगायतको उपस्थिति थियो ।

# मकवानपुरका स्थानीय तहलाई जिल्ला प्रशासनको परिपत्र

◆ विकास संवाददाता

सरकारले केही नेपाल ऐन संशोधनमार्फत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा भएको संशोधन कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालय मकवानपुरले स्थानीय तहलाई परिपत्र गरेको छ ।

प्रशासन कार्यालयले १८ साउनमा मकवानपुरका सबै स्थानीय तहलाई सम्बोधन गर्दै लेखिएको पत्रका भनिएको छ,-'केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ मा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७५ मा भएको संशोधन बमोजिम गर्ने गराउने व्यवस्था हुन संशोधनको प्रति पाना-१ यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा जानकारीका लागि आदेशानुसार अनुरोध छ ।' १८ साउनका मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्र प्रसाद कडेलले पालिकाहरूलाई परिपत्र गरेका हुन् ।




संशोधित ऐन अनुसार कुनै व्यक्तिगत घटना दर्ताको प्रमाण पत्रमा उल्लिखत नाम, थर, उमेर वा अन्य विवरण बिग्रिएमा एक पटकका लागि सच्याउन पाउने व्यवस्था उल्लेख गरिएको छ । सरकारले केही नेपाल ऐन संशोधनमार्फत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ संशोधन गर्दै यस्तो व्यवस्था गरेको हो । त्यसका लागि सम्बन्धित व्यक्तिले एक पटक स्थानीय पञ्जिकाधिकारीको कार्यालय अर्थात वडा कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ ।

ऐनको दफा २५ को उपदफा १ मा ऐन लागू भएपछि जन्मेको बच्चाको उमेर, नाम, थर वा अन्य विवरण ऐन बमोजिम एक पटक दर्ता भई दर्ताको प्रमाणपत्र प्रदान गरिएपछि सच्याउनु परेमा त्यसको लागि सम्बन्धित व्यक्तिले त्यस्तो प्रमाणपत्र लिएको एक वर्षभित्र मात्रै स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिन पाउने व्यवस्था थियो । यसको मतलब यसअघि बालबालिकाको मात्रै उमेर, नाम, थर वा अन्य विवरण दर्ता भएको एक वर्षभित्र मात्रै सच्याउन पाउने व्यवस्था थियो । अब जो सुकैले पनि एक पटक सच्याउन पाउने भएका छन् ।

विवरण सच्याएको जानकारी भने स्थानीय पञ्जिकारधिकारीले राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागलाई समेत उपलब्ध गराउनुपर्नेछ । यसरी प्राप्त विवरणको आधारमा विभागले सम्बन्धित व्यक्तिको परिचय नम्बर रहेकोमा उक्त परिचय नम्बर रहेको त्यस्तो व्यक्तिको विवरणमा समेत उक्त विवरण सच्याउनुपर्नेछ ।

**बाल विवाह नगरौं**

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |
|---|---|

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

इन्द्रसरोवर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार

हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340

9855068340/9802068340

# थाहा जीवनयोग प्रयोगशालाको पुर्नगठन, अध्यक्षमा अधिकारी

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा क्रियाशील थाहा जीवनयोग प्रयोगशालाको पुर्नगठन भएको छ। यस अघिको समितीले गरेको कार्यको उच्च सम्मान र धन्यवाद सहित १६ साउनमा नवीन अधिकारीको अध्यक्षतामा ९ सदस्यीय समिती पुनर्गठन गरिएको हो।

समितिको उपाध्यक्षमा जमुना अधिकारी, सचिव श्रीकृष्ण केसी, कोषाध्यक्ष शर्मिला जिम्बा चयन भएका छन्। समितिको सदस्यहरूमा सन्तोष केसी, रामकुमार कार्की, सुमित्रा बिडारी, विश्वराम पौडेल र श्री लक्ष्मी केसी चयन भएका छन्।

समितिको वरिष्ठ सल्लाहकारमा बिमलकुमार ढकाल चयन भएका छन् भने सल्लाहकारहरूमा सल्लाहकार नरेन्द्र अधिकारी, इन्द्रध्वज अधिकारी, बिक्रम केसी, नारायण बहादुर केसी, भैरब प्रधान र भुपाल सिंह ठकुरी चयन भएका छन्।



त्यस्तै संरक्षक तथा सल्लाहकारमा थाहा नगरपालिकाका नगर उपप्रमुख भरत गोपाली चयन भएका छन्।

थाहा नगरपालिकाको थाना बजारमा भएको कार्यक्रममा समिति पुर्नगठन गरेको हो।


## थाहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### इन्द्रायणी चौर, मकवानपुर

## उपभोक्ता हित संरक्षणमा जारी सूचना

### उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुवाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीवाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।


# मत्स्य विकास केन्द्र कुलेखानीमा २ हजार ५२४ किलो माछा उत्पादन

◆ विकास संवाददाता

मकवानपुरको कुलेखानीमा रहेको मत्स्य विकास केन्द्रले आर्थिक वर्ष २०८१/८२ मा दुई हजार ५२४ किलो माछा उत्पादन गरेको छ। कार्यालयप्रमुख मनिता पौडेलका अनुसार आर्थिक वर्ष २०८१/८२ मा दुई हजार ५२४ किलो माछा उत्पादन गरेर बिक्री गरी ६ लाख १७ हजार २१६ रुपैयाँ राजस्व संकलन गरेको छ। अघिल्लो आव २०८०/८१ मा यो कार्यालयले दुई हजार ५१८ किलो माछा उत्पादन गरेर ६ लाख १७ हजार ५०० राजस्व संकलन गरेको थियो।

कार्यालयको आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत इन्द्रसरोवर रिजरभ्वायरको जलीय जैविकविविधता संरक्षण तथा यसमा आश्रित समुदायको जीवनस्तर उकास्ने उद्देश्यले सिल्भर तथा बिगहेड माछाको सात लाख ३० हजार भुरा छोडिएको प्रमुख पौडेलले बताइन्। मकवानपुरको इन्द्रसरोवर तालमा केन्द्रले उत्पादन गरेको माछा स्थानीयस्तरमा नै खपत हुने गरेको छ। केन्द्रले हाल सिल्भर, बिगहेड, कमन ग्रास, रहु, नैनी, माहुर, टीलापिया, सहर र कत्ले जातका माछा उत्पादन गरी बिक्री गर्दै आएको छ। यस्तै माछापालनलाई प्रोत्साहन गर्न यो कार्यालयले विद्यार्थी र कृषकलाई लक्षित गरी मत्स्य घुम्ती शिविर र स्कुल शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ।




यस कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-४ फाखेलस्थित कालिका माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) र वडा नम्बर १ स्थित सरस्वती बालबोधिनी माध्यमिक विद्यालयमा मत्स्य केन्द्र कुलेखानीले माछापालन सम्बन्धी स्कुल शिक्षा कार्यक्रम सञ्चालन गरेको छ।

कार्यालय प्रमुख पौडेलका अनुसार कालिका मावि फाखेलमा स्कुल शिक्षा कार्यक्रम अन्तर्गत २४ जना विद्यार्थी, नौ जना विद्यालयका कर्मचारीलाई माछापालन पद्धति, नेपालमा मत्स्यपालनको अवस्था, पालनको लागि सिफारिस माछाको जातलगायत माछाको पौष्टिक महत्व तथा प्राकृतिक जलाशयको संरक्षण विषयमा प्रशिक्षण दिइएको छ।

# चित्लाङ-चन्द्रागिरि सडकको काम रफ्तारमा गर्न मन्त्री देवेन्द्र दाहालको निर्देशन

◆ विकास संवाददाता

भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले चित्लाङ-चन्द्रागिरि-थानकोट सडक (गणेशमानसिंह मार्ग)को काम रफ्तारमा गर्न निर्देशन दिएका छन्। १५ साउनमा सडकको निरीक्षण पछि मन्त्री दाहालले कुनै पनि बहानाबाजीमा कामको ढिलासुस्ती नगर्न निर्देशन दिएका हुन्।

उनले काठमाडौं जोड्ने छोटो यो सडक आर्थिक विकास र समृद्धिको सहयोगी समेत बन्न सक्ने बताए। यो सडकले मकवानपुरको कृषि उपज काठमाडौं सम्म लैजान तथा पर्यटकीय क्षेत्रको विकास गर्न समेत सहयोग पुर्‍याउने उनको भनाइ छ। उनले विकासका संरचनाहरूले नागरिकको जीवनमा समृद्धि ल्याउन सक्नुपर्ने बताए। यस्तै सोही क्षेत्रका प्रतिनिधिसभा सदस्य एवम् नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले मकवानपुर तथा काठमाडौँवासीका लागि मात्र नभई पूर्वी नेपालसहित बागमती, मधेस र लुम्बिनीसँगको सम्पर्कका लागि समेत यो सडक महत्वपूर्ण रहेको बताए। यहाँका बासिन्दाको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने र आर्थिक विकासका लागि समेत बहुउपयोगी हुने अपेक्षा राखिएको यो सडक विना अवरोध र ढिलाइ जतिसक्दो छिटो पूरा गराउन आवश्यक रहेकोमा जोड दिए।

सडक विभागका महानिर्देशक डा. विजय जैसीले भने कुनै पनि ढिला सुस्ती हुन नदिई निर्माण कार्यलाई गति दिने बताएका छन्। अनुगमनमा भौतिक पुर्वाधार तथा यातायातमन्त्री दाहालसहित, प्रधानमन्त्रीका आर्थिक सल्लाहकार डा. युवराज खतिवडा, संविधान सभा सदस्य सुवासचन्द्र ठकुरी, सा.सद महेश बर्तौला,



थाहा नगरपालिकाका प्रमुख बिष्णु बहादुर विष्ट, उपप्रमुख भरत गोपाली सडक विभागको प्राविधिकहरू पुगेका थिए।

सडक डिभिजन काठमाडौंका प्रमुख नारायणदत्त भण्डारीका अनुसार यो सडक निर्माणका लागि २ प्याकेजमा ठेक्का लागि काम भइरहेको छ। अहिले नेपाल सरकारको ४० करोड बजेट मार्फत यस सडक स्तरीकरणको कार्य भइ रहेको छ।


## उपचार खर्च सम्बन्धी थाहा नगरपालिकाको सूचना

यस थाहा नगरपालिकामा संघीय सरकारबाट प्राप्त अनुदान मार्फत मृगौला प्रत्यारोपन गरेका, डायलासिस गरिरहेका रोगी र मेरुदण्ड पक्षघाका विरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ अनुसार नामावली समावेश भएका लाभग्राहीहरुलाई मासिक रुपमा पाँच हजार रुपैयाँ उपचार खर्च उपलब्ध गराउँदै आएकोमा हाल भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त गरिब परिचय पत्र थाहा नगरपालिकाको सबै वडाहरुमा वितरण भैसकेकोले सोही कार्यविधिको नियम २ (ग) अनुसार गरिबीको परिचय पत्र पाएकाहरुलाई मात्र उक्त सुविधा दिने व्यवस्था भएको सम्पूर्णको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

थाहा नगरपालिका
स्वास्थ्य शाखा





समयमै व्यक्तिगत घटना दर्ता गरौं।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो। जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं। जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्। जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो। बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।

# हेटौंडामा सम्बालाई सम्मान



◆ विकास संवाददाता

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी 'साम्बा' सम्मानित भएकी छन् । संचारिका समूह नेपाल मकवानपुरले हेटौंडामा 'देश चिनाउनेसँग हाम्रो चिनजान' कार्यक्रम आयोजना गरेर ५० हजार रूपैयाँसहित साम्बालाई सम्मान गरेको हो ।

साम्बालाई हेटौंडा उपमहानगरपालिकाका उपमेयर राजेश बानियाँ, हेटौंडा स्क्लु अफ म्यानेजमेन्टका प्रिन्सिपल पुरनबहादुर जोशी, प्रजिअ स्किम श्रेष्ठ र संचारिका समूह मकवानपुरकी अध्यक्ष निशा गुरूङलगायतले नगदसहित सम्मानपत्र प्रदान गरेका थिए । फुटबल खेलाडीहरूको उल्लेख्य सहभागिता रहेको कार्यक्रममा साम्बाले अनुशासन, लगनशीलता र अठोटले मानिसलाई सफलतातर्फ उन्मुख गराउने बताइन् । 'मैले अझै धेरै अघि बढ्नु छ । मलाई अझै धेरैजना म जस्तै फुटबल खेलेको हेर्न मन छ । यसका लागि अनुकूल वातावरण आवश्यक छ,' उनले भनिन् । साम्बा हालैमात्र न्यूजिल्यान्डको वेलिंगटन फिनिक्स फुटबल क्लबसँग अनुबन्धित भएकी छन् । अस्ट्रेलियाको ए-लिग महिला फुटबलको नयाँ सिजनका लागि क्लबले उनलाई अनुबन्ध गरेको हो ।

यसअघि उनले फ्रान्सको एन अभान्ट ग्वेंगाम्प क्लबबाट खेलेकी थिइन् । उक्त क्लबसँगको यात्रा विट मार्दै उनी २ महिनाअघि नेपाल फर्केकी थिइन् । उनले इजरायल, भारत, माल्दिभ्स लगायतका देशमा विभिन्न लिगमा सहभागी भई नेपालको प्रतिनिधित्व गरिसकेकी छन् । नेपाली महिला फुटबलको इतिहासमै सर्वाधिक गोलकर्तामध्ये एक सावित्राको योगदानले देशकै खेलकुद क्षेत्रमा प्रेरणा प्रदान गरेको उपमेयर बानियाँले बताए ।







## स्तनपान गराऔं, बालस्वास्थ्यमा सुधार गरौं !

- शिशु जन्मिएपछि जतिसक्दो चाँडो (१ घण्टाभित्र) आमाको (बिगौती) दुध खुवाऔं,
- जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दुधमात्र खुवाऔं,
- ६ महिना पुरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराऔँ,
- आमाको दुध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ,
- स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिम लाई कम गर्दछ,
- चिकित्सकको सल्लाह बिना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं,
- सकेसम्म दुधदानी वा बोतलको दुध प्रयोग नगरौं,
- स्तनपान सम्बन्धी उचित परामर्श तथा थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्पर्क गरौं । विश्व स्तनपान सप्ताह सफल पारौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
**विज्ञापन बोर्ड**




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी